चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (कृषि विकास शाखा)
चुलाचुली, इलाम
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१।०८२

## सिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४

चुलाचुली गाउँपालिका, इलामको चालु आ.व. २०८१/०८२ को लागि आवश्यक मकैको विउ खरिद सम्बन्धी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य इच्छुक फर्म, विउ उत्पादक सहकारी संस्था, कम्पनीहरु वा सप्लायर्सले दर्ता कागजात (नविकरण सहित), आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र तथा PAN/VAT दर्ता भएको प्रमाण-पत्र राखि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर : २०८१ मंसिर १९ गते कार्यालय समयसम्म, रु.१०००।— (एक हजार मात्र) फिर्ता नहुने गरि ।

२. दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :- २०८१ मंसिर १९ गते दिनको १२:०० बजेसम्म, चुलाचुली गाउँपालिका कार्यालयमा ।

३. दरभाउपत्र फाराम खोल्ने मिति, समय र स्थान :- २०८१ मंसिर १९ गते दिनको २:०० बजेपछि, चुलाचुली गाउँपालिकाको कार्यालय ।

४. सिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५. आफूले पेश गरेको दरभाउपत्रको दर मुल्य अभिवृद्धि कर सहितको पेश गर्नु पर्नेछ ।

६. विस्तृत जानकारीका लागि गाउँपालिका कार्यालयको खरिद इकाईमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

७. दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

८. दरभाउपत्र फाराम पेश गर्दा सो साथ आफूले पेश गरेको सामानको जग्गा मूल्यको २.५ प्रतिशतले हुने रकम NMB बैङ्क चुलाचुली शाखामा रहेको धरौटी खाता नं. १०३०००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै बैङ्क भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९. रितपुर्वक पेश नभएको, म्यादभित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०. दरभाउपत्र स्वीकृत भएपछि गाउँपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको समयमा (म्याद) मा उपस्थित भई सम्झौता गर्नुपर्नेछ अन्यथा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ।

११. कोटेशन फाराममा तोकिए बमोजिमको मालसामान बाहेक अन्य मालसामान गाउँपालिकाले स्वीकार गर्ने छैन ।

१२. सामान आपूर्ति गर्दा लाग्ने भाडा आपूर्तीकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

१३. आपूर्तिकर्ताले नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालपालिकामा सुरक्षित रहनेछ ।

१५. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यस उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत